# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

प्रशासन तथा अनुगमन शाखा

**प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौं र आठौं तहका पदहरूको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना नं. १२५/०८१/८२, प्रकाशन मितिः २०८१/०७/१२**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ।

विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

### विवरण

| क्र.सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/स्थानीय | किसिम/समूह | पद सङ्ख्या | परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| १ | ३४/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | प्रदेश | अ.त. | १ | **प्रथम चरण/प्रथम पत्रः** २०८१/०९/२७ गते दिनको २ बजे **द्वितीय चरणः** प्रथम चरणको नतिजा प्रकाशन गर्दा परीक्षा मिति र समय तोकिने छ। |
| २ | ३५/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | प्रदेश | खुला | ३ | |
| ३ | | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | स्थानीय | खुला | १ | |
| ४ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | प्रदेश | खुला. | ६ | |
| ५ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | स्थानीय | खुला | १ | |
| ६ | ३६/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | प्रदेश | महिला | १ | |
| ७ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | प्रदेश | महिला | २ | |
| ८ | ३७/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | प्रदेश | आ.ज. | १ | |
| ९ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | प्रदेश | आ.ज. | १ | |
| १० | ३८/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | स्थानीय | दलित | १ | |
| ११ | ३९/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | प्रदेश | थारु | १ | |
| १२ | ४०/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | अ.त. | १ | **प्रथम पत्रः** २०८१/१०/०४ गते बिहान ८ बजे **द्वितीय पत्रः** २०८१/१०/०५ गते बिहान ८ बजे |
| १३ | ४१/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | खुला | ४ | |
| १४ | | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर | प्रदेश | खुला | १ | |
| १५ | | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | प्रदेश | खुला | २ | |
| १६ | ४२/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | प्रदेश | महिला | १ | |
| १७ | | ७ | इन्जिनियरिङ/सिभिल/हाइड्रोपावर/इन्जिनियर | प्रदेश | महिला | १ | |
| १८ | | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | महिला | १ | |
| १९ | | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | प्रदेश | महिला | १ | |
| २० | ४३/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | प्रदेश | आ.ज. | १ | |
| २१ | | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर | प्रदेश | आ.ज. | १ | |
| २२ | | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | आ.ज. | १ | |
| २३ | ४४/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | मधेशी | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | ४५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/बि. एण्ड आर्क./इन्जिनियर | स्थानीय | अ.त. | १ | **प्रथम पत्रः**<br>२०८१/१०/०७ गते<br>दिनको २ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/०८ गते<br>दिनको २ बजे |
| २५ | ४६/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/बि. एण्ड आर्क./इन्जिनियर | प्रदेश | खुला | २ | |
| २६ | | ७ | इन्जिनियरिङ/सिभिल/बि. एण्ड आर्क./इन्जिनियर | स्थानीय | खुला | १ | |
| २७ | ४७/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/बि. एण्ड आर्क./इन्जिनियर | स्थानीय | आ.ज. | १ | |
| २८ | ४८/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/बि. एण्ड आर्क./इन्जिनियर | प्रदेश | दलित | १ | |
| २९ | ४९/०८१-८२ | ७ | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल/मेकानिकल इन्जिनियर | प्रदेश | खुला | १ | **प्रथम पत्रः**<br>२०८१/१०/०६ गते<br>बिहान ८ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/०७ गते<br>बिहान ८ बजे |
| ३० | ५०/०८१-८२ | ७ | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल/मेकानिकल इन्जिनियर | प्रदेश | आ.ज. | १ | |
| ३१ | ५१/०८१-८२ | ७ | इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/ हाइड्रोजियोलोजिष्ट | प्रदेश | महिला | १ | **प्रथम पत्रः**<br>२०८१/१०/०९ गते<br>दिनको २ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/१० गते<br>दिनको २ बजे |
| ३२ | ५२/०८१-८२ | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | प्रदेश | अ.त. | १ | **प्रथम पत्रः**<br>२०८१/१०/११ गते<br>दिनको २ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/१२ गते<br>दिनको २ बजे |
| ३३ | ५३/०८१-८२ | ७ | कृषि/एगृ इको एण्ड मार्केटिङ/कृषि अर्थ विज्ञ | प्रदेश | खुला | १ | |
| ३४ | | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | प्रदेश | खुला | १ | |
| ३५ | | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | प्रदेश | खुला | १ | |
| ३६ | | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौं वा सो सरह | स्थानीय | खुला | १ | |
| ३७ | ५४/०८१-८२ | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | प्रदेश | महिला | १ | |
| ३८ | ५५/०८१-८२ | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौं वा सो सरह | स्थानीय | थारु | १ | |
| ३९ | ५६/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | स्थानीय | अ.त. | १ | **प्रथम पत्रः**<br>२०८१/१०/१० गते<br>बिहान ८ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/११ गते<br>बिहान ८ बजे |
| ४० | ५७/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | प्रदेश | महिला | १ | |
| ४१ | ५८/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | स्थानीय | दलित | १ | |
| ४२ | ५९/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | प्रदेश | खुला | २ | **प्रथम पत्रः**<br>२०८१/१०/०५ गते<br>दिनको २ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/०६ गते<br>दिनको २ बजे |
| ४३ | ६०/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | प्रदेश | अपाङ्ग | १ | |
| ४४ | ६१/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | स्थानीय | खुला | २ | **प्रथम पत्रः**<br>२०८१/१०/१२ गते<br>बिहान ८ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/१३ गते<br>बिहान ८ बजे<br>**तृतीय पत्रः**<br>२०८१/१०/१४ गते<br>बिहान ८ बजे |
| ४५ | ६२/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | स्थानीय | महिला | १ | |
| ४६ | ६३/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | स्थानीय | आ.ज. | १ | |
| ४७ | ६४/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | प्रदेश | दलित | १ | |
| ४८ | ६५/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | प्रदेश | खुला | २ | **प्रथम पत्रः**<br>२०८१/१०/०८ गते<br>बिहान ८ बजे<br>**द्वितीय पत्रः**<br>२०८१/१०/०९ गते<br>बिहान ८ बजे |
| ४९ | | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | स्थानीय | खुला | १ | |
| ५० | ६६/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | प्रदेश | महिला | १ | |
| ५१ | ६७/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | प्रदेश | आ.ज. | १ | |
| ५२ | ६८/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | स्थानीय | दलित | १ | |

**स्थानीय सेवा अन्तर्गत सातौं र आठौं तहको बढुवा तथा खुला तर्फको विज्ञापनमा समावेश भएका सेवा/समूह अनुसार मागपद सङ्ख्या विवरणः**

| क्र.सं. | सेवा, समूह, उपसमूह, पद | तह | जिल्ला | स्थानीय तह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | ७ | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका | १ |
| २. | | ७ | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका | १ |
| | | | | जम्मा | २ |
| ३. | प्रशासन/लेखा/लेखा अधिकृत वा सो सरह | ७ | धादिङ | खनियावास गाउँपालिका | १ |
| ४. | | ७ | नुवाकोट | लिखु गाउँपालिका | १ |
| ५. | | ७ | रामेछाप | सुनापती गाउँपालिका | १ |
| ६. | | ७ | सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका | १ |
| | | | | जम्मा | ४ |
| ७. | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | ७ | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका | १ |
| ८. | | ७ | काभ्रेपलाञ्चोक | रोशी गाउँपालिका | १ |
| ९. | | ७ | दोलखा | कालिन्चोक गाउँपालिका | १ |
| १०. | | ७ | नुवाकोट | दुप्चेश्वर गाउँपालिका | १ |
| ११. | | ७ | नुवाकोट | पन्चकन्या गाउँपालिका | १ |
| १२. | | ७ | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | १ |
| १३. | | ७ | सिन्धुली | फिक्कल गाउँपालिका | १ |
| १४. | | ७ | सिन्धुली | मरिण गाउँपालिका | १ |
| १५. | | ७ | धादिङ | नेत्रावती डबजोङ गाउँपालिका | १ |
| १६. | | ७ | गत आ.व. २०८०/८१ मा पदपूर्ति नभएका स्थानीय तहहरू | | ७ |
| | | | | जम्मा | १६ |
| १७. | इन्जि./सिभिल/बि. एण्ड आर्क./इन्जिनियर | ७ | सिन्धुली | दुधौली नगरपालिका | १ |
| १८. | | ७ | गत आ.व. २०८०/८१ मा पदपूर्ति नभएका स्थानीय तहहरू | | ३ |
| | | | | जम्मा | ४ |
| १९. | कृषि/विभिन्न/कृषि अधिकृत सातौं वा सो सरह | ७ | ललितपुर | महालक्ष्मी नगरपालिका | १ |
| २०. | | ७ | काठमाण्डौ | तारकेश्वर नगरपालिका | १ |
| २१. | | ७ | काभ्रेपलाञ्चोक | रोशी गाउँपालिका | १ |
| २२. | | ७ | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका | १ |
| | | | | जम्मा | ४ |
| २३. | कृषि/लाः.पो.डे.डे./पशु विकास अधिकृत | ७ | चितवन | खैरहनी नगरपालिका | १ |
| २४. | | ७ | दोलखा | मेलुङ गाउँपालिका | १ |
| २५. | | ७ | रामेछाप | खाँडादेवी गाउँपालिका | १ |
| | | | | जम्मा | ३ |
| २६. | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | ७ | दोलखा | भीमेश्वर नगरपालिका | १ |
| २७. | | ७ | धादिङ | खनियावास गाउँपालिका | १ |
| २८. | | ७ | धादिङ | गंगा जमुना गाउँपालिका | १ |
| २९. | | ७ | धादिङ | रुवी भ्याली गाउँपालिका | १ |
| ३०. | | ७ | रसुवा | गोसाइकुण्ड गाउँपालिका | १ |
| ३१. | | | गत आ.व. २०८०/८१ मा पदपूर्ति नभएका स्थानीय तहहरू | | ३ |
| | | | | जम्मा | ८ |
| ३२. | कृषि/भेटेरिनरी/पशु चिकित्सक | ८ | काभ्रेपलाञ्चोक | रोशी गाउँपालिका | १ |
| ३३. | | ८ | नुवाकोट | तारकेश्वर गाउँपालिका | १ |
| | | | | जम्मा | २ |

| | | |
|---|---|---|
| १ | **परीक्षाको किसिमः-** | लिखित र अन्तर्वार्ता। (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।) |
| २ | **परीक्षा केन्द्रः-** | हेटौँडा। |
| ३ | **दरखास्त दिने अन्तिम मितिः-** | २०८१/०८/०२ गते र दोब्बर दस्तुर तिरी २०८१/०८/०९गतेसम्म। |
| ४ | **उम्मेदवारको उमेरको हदः** | • २०८१/०८/०२ गतेसम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको। महिलाको हकमा ४० वर्ष ननाघेको।<br>• प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांश (१) र (२) बमोजिमको उमेर हद बहालवाला स्थायी कर्मचारीहरूमा लागू हुनेछ। |
| ५ | **दरखास्त दस्तुरः-** | क. रु.१,२००।- (एक हजार दुई सय रुपैंया)।<br>ख. प्रत्येक थप समावेशी समूह/पत्रको लागि रु.६००।- (छ सय रुपैयाँ) थप दस्तुर लाग्नेछ। |
| ६ | **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | • दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोवार सङ्केत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएका बैङ्कबाट नगद बुझाउन सकिनेछ।<br>• दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् बैङ्क भौचर सिर्जित भैसकेपछि Connect IPS मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। |
| ७ | **दरखास्त दस्तुर बुझाउने अवधिः** | ढिलोमा <u>मिति २०८१/०८/०९ गतेसम्म</u> तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ। |
| ८ | **अपलोड गर्ने कागजातहरूः** | उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ। |
| ९ | **अन्तर्वार्ता मिति र स्थानः-** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ। |
| १० | **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी। |
| ११ | **तलबः-** | प्रचलित कानून बमोजिम। |

## अन्तरतह सम्बन्धी व्यवस्था

- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को (६) बमोजिम अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनीको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

## आवश्यक न्यूनतम योग्यता

१) **प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण।

२) **प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा व्यवस्थापन संकायमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण।

३) **इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बि.ई. वा सो सरह उत्तीर्ण।

४) **इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बि.ई. वा सो सरह उत्तीर्ण।

५) **इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा स्यानिटरी इन्जिनियरिङ वा पब्लिक हेल्थ इन्जिनियरिङ विषयमा बि.ई. वा सो सरह उत्तीर्ण।

६) **इन्जिनियरिङ/सिभिल/हाइड्रोपावर/इन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा हाइड्रोपावर इन्जिनियरिङ विषयमा बि.ई. वा सो सरह उत्तीर्ण।

७) **इन्जिनियरिङ/सिभिल/बि. एण्ड आ./इन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा विल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बि.ई. वा सो सरह उत्तीर्ण।

८) **इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल/मेकानिकल इन्जिनियर:** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ विषयमा बि.ई. वा सो सरह उत्तीर्ण।

९) **इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/हाइड्रोजियोलोजिष्ट:** मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोतर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोतर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालिम प्राप्त।

१०) **कृषि/एगृ. इको. एण्ड मार्के./कृषि अर्थ विज्ञ:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ. मार्केटिङ्ग वा एगृ. फाइनान्स विषय लिई बी.एस्सी (एगृ.) वा सो सरह उत्तीर्ण।

११) **कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एगृ.) वा सो सरह उत्तीर्ण।

१२) **कृषि/बागबानी/बागवानी विकास अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एगृ.) वा सो सरह उत्तीर्ण।

१३) **कृषि/ला.पो.डे.डे./पशु विकास अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एगृ.) (एनिमल साइन्स वा डेरी साइन्स) वा बि.भि. एस्सी एण्ड एच. वा सो सरह उत्तीर्ण।

१४) **कृषि/भेटेरिनरी/पशु चिकित्सा (आठौं):** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भि. एस्सी. एण्ड एच. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण।

१५) **वन सेवा/जनरल फरेष्ट्री/सहायक वन अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

**शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह:** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

## उम्मेदवारले पेस गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः

अन्तरतह, खुला तथा समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वाताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने अन्तिम मिति भित्र नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूले पेस गर्नु पर्ने थप कागजातहरूः

१. **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातीको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरूको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट आदिवासी/जनजाति भएको भनी प्रमाणित गराएको कागजात**।

२. **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट दलित भएको भनी प्रमाणित गराएको कागजात**।

३. **थारुका हकमाः** सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा **प्रमुख जिल्ला अधिकारीबाट थारु भएको भनी प्रमाणित गराएको कागजात**।

४. **अपाङ्गका हकमाः** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्ग परिचय पत्र वा अपाङ्ग भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको वर्गिकरणको उल्लेख गरी सम्बन्धित स्थानीयतहबाट जारी भएको अपाङ्गरता परिचयपत्र।

## द्रष्टव्यः

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा झुटा विवरण पेस गरेको पाइएमा दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित

गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(च) सम्बन्धित पदको लागि निर्धारित शैक्षिक योग्यता दरखास्त दिने अन्तिम मितिभित्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

(छ) दरखास्त पेस गर्दा स्वयम् उम्मेदवारले गरेको दस्तखतको नमूना पेस गर्नु पर्नेछ। प्रवेश पत्रमा भएको दस्तखत र लिखित परीक्षाको समयमा गरिने दस्तखत फरक परेमा उक्त परीक्षार्थीलाई परीक्षाबाट निष्काशन गर्न गरिनेछ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(झ) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) **बमोजिम विशेष सुविधा (आरक्षण) सेवा अवधि भरमा अधिकृतस्तरको पदमा एक पटक मात्र उपयोग गर्न पाइनेछ।**

(ञ) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० बमोजिम **समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाइनेछैन।**

(ट) वस्तुगत बहुउत्तर उत्तरपुस्तिकामा प्रश्नसेट (कि) उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ।

(ठ) खण्डगत वा प्रश्न नम्बर अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा उत्तर दिनु पर्नेछ।

(ड) पाठ्यक्रम आयोगको वेवसाइट ppsc.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।